नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# पुनरावेदन समिति सचिवालय

सिंहदरबार, काठमाण्डौ

प.सं. : ०७५/०७६

च.नं. : ५४

मिति: २०७५।०६।२१

श्री जिल्ला आयोजना कार्यान्वन इकाई (अनुदान व्यवस्थापन तथा स्थानिय पूर्वाधार)

प्राधिकरण अन्तर्गतका सबै जिल्ला स्थित कार्यालयहरु ।

**विषय : पुनरावेदन दर्ता सम्बन्धमा ।**

उपरोक्त विषयमा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २६ अन्तर्गत गठित यस पुनरावेदन समितिको कार्य संचालनको लागि पुनरावेदन समितिले तर्जुमा गरेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पुनरावेदन कार्यविधि २०७३ ले उल्लेख गरेका प्रावधान तथा रित ढाँचा नपुगेको केहि पुनरावेदनपत्रहरु तहाँ कार्यालयबाट दर्ता भई यस समितिमा प्राप्त हुन आएको देखिदा उक्त कार्यविधिले निर्दिष्ट गरेका प्रावधानहरु खासगरि हदम्याद, हकदैया, पुनरावेदनको ढाँचा, शुल्क र आवश्यक प्रमाणहरु संलग्न गरि रितपुर्वक पुनरावेदनपत्र पेश भएको छ छैन चेकजाँच गरि भएमा मात्र दर्ता गरि यस समितिमा पठाइदिनुहोला । पुनरावेदन कार्यविधि २०७३ को ३ र ४ नं. अनुसारको रितपुर्वक नभएका पुनरावेदनपत्रहरु समितिमा दर्ता नहुने हुँदा सेवाग्राहीहरुलाई सोको जानकारी समेत प्रदान गरिदिनुहुन सबै जिल्ला स्थिति इकाईहरुलाई अनुरोध गरिन्छ ।

२०७५।६।२१

.............................

**दिपक भण्डारी**
**समिति सचिव**
**पुनरावेदन समिति**